याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फोन नं.: ०२४-४१००४८ (अध्यक्ष),
०२४-४१००४९
मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल

प.सं.: ०७५/०७६
च.नं. १८६

मिति : २०७५/०६/०४

श्री सवै वडा कार्यालयहरु,

विषय : <u>सूचना टाँस गरी कार्यान्वयन गर्ने सम्बन्धमा ।</u>

उपर्युक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७५/०६/०४ गते प्रकाशन भएको स्काभेटरको दरभाउ पेश गर्ने सम्बन्धी सूचना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको हुँदा तहाँको सूचना पाटीमा टाँस गरी सोही अनुसार कार्यान्वयन गर्नु-गराउनु हुन अनुरोध छ ।

२०७५/६/४

प्रविनहाङ योङहाङ
प्रमुख प्रशासकीय अधिकृत

याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फोन नं.: ०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९
मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल

प.सं.: २०७५/०७६
च.नं. १८५

मिति : २०७५/०६/०४

## स्काभेटरको दरभाउ पेश गर्ने सम्बन्धी याङवरक गाउँपालिकाको अत्यन्त जरुरी सुचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०७५/०६/०४)**

यस याङवरक गाउँपालिकाको मिति २०७५ भदौ ३१ गते वसेको ११ औं कार्यपालिकाको बैठकको निर्णय अनुसार यस गाउँपालिका भित्र सञ्चालन हुने विकासको आयोजनाहरु सम्पन्न गर्न प्रयोग गरिने स्काभेटर मेशिनको दररेट तथा गुणस्तर नियमन र एकरुपता ल्याउन आर्थिक वर्ष २०७५/०७६ को लागि काम गर्न ईच्छुक व्यवसायीहरुले निम्न वमोजिमको शर्तको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७५ असोज १८ गतेम्म) कार्यालय समयभित्र आवेदन पेश गर्नहुन यो सार्वजनिक सुचना जारी गरिएको छ ।

निम्न:

१) स्काभेटरको क्षमता २२० HP वा सो भन्दा बढी हुनुपर्ने छ ।

२) स्काभेटरको साथ ब्रेकर भएको प्रतिवद्धता तथा प्रमाण पेश गर्नुपर्ने छ ।

३) स्काभेटरको अपरेटरले सडकको स्तरउन्नती सम्बन्धी कम्तीमा २ वर्ष कार्य गरेको सम्बन्धित कम्पनीले प्रमाणित गरेको अनुभवको पत्र पेश गर्नुपर्ने छ ।

४) व्यवसायीले स्काभेटरको व्लुवुक तथा अपरेटरको चालक अनुमति पत्र अनिवार्यरुपमा पेश गर्नुपर्ने छ ।

५) स्काभेटरको अधिकतम प्रतिघण्टा बकेटकौ रु. ६,०००।० (कर सहित) र ब्रेकरको रु. ७,०००।० (कर सहित) वा सो भन्दा कममा कबोल गरि पेश गर्न सकिने छ ।

६) व्यवसायीले काम गर्न ईच्छाएको वडाहरुको प्राथमिकता क्रमश: उल्लेख गर्नुपर्ने छ ।

७) काम गर्न अनुमती पाएको वडामा पहिलो पटक आफैं सम्बन्धित कार्यक्षेत्रमा मेशिन पुर्‍याउनु पर्नेछ । त्यसपछि प्रत्येक एक साइड देखि अर्को साइड मेसिन लैजाँदा मात्र एकतर्फी मेशिन मोविलाईजेशन चार्ज पाउने छ ।

८) सम्बन्धित वडामा काम गर्न अनुमती पाएको व्यवसायीले सम्बन्धित वडाको उपभोक्ता समितिसँग गाउँपालिकाले तोकेको शर्तको अधिनमा रही थप सम्झौता गरी काम गर्नुपर्ने छ ।

९) कुनै पनि योजना कार्यान्वयन गर्नु पूर्व पेश्की उपलव्ध गराइने छैन, तर रु १०,००,०००।०० (दश लाख रुपैयाँ) भन्दा वढीको योजनाको हकमा कामको आधारमा रनिङ विल वमोजिम रकम उपलव्ध गराईने छ ।

१०) स्थानीय व्यवसायीको स्काभेटर भएमा विशेष प्राथमिकता दिइने छ ।

२०७५/६/०४

प्रविनहाङ योङहाङ
प्रमुख प्रशासकीय अधिकृत